दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७५ | बुटवल | २०८२ असार ०७ गते शनिबार | नेपाल संवत ११४५ | Saturday June.21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



प्राविधिक शिक्षा र व्यवसायिक तालिम प्राप्त गरौं

इलेक्ट्रिसियन, प्लम्बिङ्ग, कम्प्युटर अपरेटिङ्ग, सिलाई कटाई, मोबाइल मर्मत, कुकिंग एण्ड हस्पिटालिटी, कृषि, तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं।

- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्मनिर्भर र उद्यमशील बनौं,
- देशमै रोजगारीको अवसर प्राप्त गरौं,

'जीवनस्तरमा सुधार गरौं।'

नेपाल सरकार विज्ञापन बोर्ड


लुम्बिनीको बजेट :

# सत्तारूढ दलबाटै चर्को विरोध, पुनर्लेखन गर्न विपक्षीको माग

**चौतर्फी विरोध भएपछि एकसातापछि बोलाइएको प्रदेशसभा बैठक स्थगित गराएर मुख्यमन्त्री चेतनारायण आचार्यले दलहरूको बैठक बोलाएका छन्।**





अमरसिंह पुन
संविधानसभा सदस्य तथा सभापति
नेपाली कांग्रेस
लुम्बिनी प्रदेश नेपाल

AMAR SINGH PUN
Constituent Assembly Member &
President, Nepali Congress Lumbini
Province, Nepal

लुम्बिनी प्रदेश सरकारको वार्षिक कार्यक्रम तथा बजेटका सन्दर्भमा जारी
प्रेस वक्तव्य

लुम्बिनी प्रदेश सरकारले मिति २०८२ असार १ गते प्रदेश सभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२-८३ को वार्षिक कार्यक्रम तथा बजेटका सन्दर्भमा नेपाली काँग्रेस लुम्बिनी प्रदेश सभापति श्री अमरसिं पुनज्यूको गम्भीर ध्यानाकर्षण भएको छ। सभापतिज्यूले प्रदेश सरकारले **संघीय शासन प्रणालीको मर्म, लोकतन्त्रबाट विकासको भावना, लुम्बिनी प्रदेशको समग्र विकासको न्यायोचित आवश्यकता** विपरित सरकारका मन्त्री तथा प्रतिनिधिहरूले आफ्नो र निहित स्वार्थ समूहको दवाबमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरिएको निचोड सहित मुख्यगरी, तपशीलका विषयमा सभापति पुनज्यूको विशेष ध्यानाकर्षण भएको छ।

तपशील

- लुम्बिनी प्रदेशका सबै क्षेत्र तथा भूगोलमा आवश्यकता बमोजिम न्यायोचित, सन्तुलित, समानुपातिक र समावेशी रुपमा बजेट विनियोजन नभएको।
- प्रदेशको समुन्नत विकास र समृद्धिको लागि आवश्यकता भन्दा पहुँच, राज्यशक्ति र निहित स्वार्थपूर्ति गर्न बजेट निर्माण भएको।
- प्रदेशको बजेट निर्माण गर्दा आर्थिक अनुशासन तथा सामान्य नीतिगत सहभागीता नबनाइ दायरा संकुचन गरिएको र सम्बन्धित मन्त्रालय वा स्थानमा भन्दा बाहिर अनअधिकृत व्यक्ति वा समूहको सहभागीता र अनधिकृत स्थलमा बजेट तयार गरेको।
- समुन्नत प्रदेशको लागी दुरगामी महत्व तथा क्षेत्रगत रणनीतिक कार्यक्रमको भन्दा अल्पकालिन लाभका कार्यक्रमलाई विशेष जोड दिएको।
- विषयगत निकाय तथा कार्यालयहरूबाट प्राथमिकताका आधारमा पूर्वतयारी पुराभई आएका कार्यक्रमलाई बेवास्ता गरी सम्बन्धित नेतृत्वको स्वविवेक तथा टुक्रे योजना/कार्यक्रमलाई प्राथमिकता दिएको।

असाढ ६, २०८२

अनुपम जी.सी
सचिवालय प्रमुख
सभापतिको सचिवालय नेपाली काँग्रेस लुम्बिनी प्रदेश
देउखुरी, दाङ।

website:- www.amarsinghpun.com.np Gmail:- apun13444@gmail.com Office:- Deukhuri Valley Dang




**टिआर शर्मा**
*बुटवल*

लुम्बिनी प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटप्रति विपक्षी दल मात्र नभई सत्ता साझेदार नेकपा एमाले र नेपाली कांग्रेसकै मन्त्री र सांसदहरुको चर्को असन्तुष्टी देखिएको छ।

सत्तारुढ नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनको सचिवालयले विज्ञप्ति नै निकालेर बजेटको विरोध गरेको छ। पुनको सचिवालय संयोजक अनुपम जीसीले प्रदेश सरकारयोजना बिक्री केन्द्र भएकै कारण जनताका वास्तविक समास्या समाधान हुन नसकेका जनगुनासो आउने गरेको टिप्पणी गरेका छन्।

प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रसहितका दलहरुले बजेट पुनर्लेखन नभएसम्म बजेटसम्बन्धी छलफलमा भाग नै नलिने निर्णय गरेको छ।

लुम्बिनीमा नेकपा एमालेका चेतनारायण आचार्य मुख्यमन्त्री छन् भने नेपाली कांग्रेसका धनेन्द्र कार्की आर्थिक मामिला तथा योजना मन्त्री छन्।

मन्त्री कार्कीले ल्याएको बजेटप्रति मुख्यमन्त्री चेतनारायण आचार्य नै असन्तुष्ट रहेको पार्टीकै नेताहरु बताउँछन्।

मुख्यमन्त्री आचार्यले आफैँले राखेका योजनाहरु बजेटमा नपरेपछि उनले असन्तुष्टि जनाएका छन्। बजेटअघि नै सरकारमा रहेका चार प्रभावशाली मन्त्रीहरुले यसको प्रकृयामा नै गम्भीर असहमति जनाएकाले असार १ गते पूर्वघोषित समयमा बजेट आउन नसकी पटक-पटक समय सार्दै साँझ ६ बजे मात्रै प्रदेशसभा बैठक सुरु भएको थियो।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याएको थियो। बजेटमध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत विनियोजन गरिएको छ। असार १ गते बजेट पेश गरेसँगै ७ गते छलफलका लागि प्रदेशसभा बैठक बोलाइएको छ। तर मुख्य साझेदार दल र मन्त्रीहरुबीच नै असन्तुष्टि बढेपछि सरकारले असार ७ गतेका लागि बोलाइएको प्रदेशसभा बैठक स्थगित गराएको छ।

प्रदेशसभा बैठक स्थगित गराएर सरकारले दलहरुसँग आन्तरिक छलफल गर्ने तयारी गरेको छ। सुरुमा मुख्यमन्त्री आचार्यले घाटाको बजेट नल्याउने भन्दै ३२ अर्ब हाराहारीको यथार्थपरक बजेट ल्याउने सार्वजनिकरुपमै बताउँदै आएका थिए। तर अन्तिममा बजेटको आकार गत वर्षको तुलनामा ६ करोड घटाएर झण्डै ७ अर्ब बढी घाटाको बजेट ल्याएपछि प्रदेश योजना आयोग, आर्थिक मामिला मन्त्रालयका कर्मचारीले बजेटको अन्तिम तयारीकै क्रममा अगावै असहमति जनाएका थिए।

मुख्यमन्त्री आफैँले गरेको प्रतिबद्धताविपरीत आन्तरिक स्रोतबिनाको घाटा बजेट ल्याउँदा कार्यान्वयनमा चुनौती हुनेर प्रदेश सरकारप्रति आम नागरिकको धारणा झनै नकारात्मक हुने प्रदेश योजना आयोगका एक सदस्यले बताए।

आर्थिक मामिला मन्त्री कार्कीसँग उनकै पार्टीबाट सरकारको नेतृत्व गरेका शहरी विकास तथा खानेपानी मन्त्री रोज राणा, पर्यटन मन्त्री प्रचण्ड विक्रम न्यौपाने, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना, एमालेबाट भौतिक पूर्वाधार विकास मन्त्री बनेका भूमिश्वर ढकालले बजेटअघिबाटै असन्तुष्टी जनाउँदै आएका थिए।

मन्त्री राणाले त अर्थमन्त्री कार्कीको कार्यकक्षमा पुगेर चर्काचर्की गरेको कांग्रेस स्रोतको दाबी छ।

सत्तारुढ नेकपा एमालेका सांसद तथा पूर्वमन्त्री विष्णु पन्थीले यो बजेटटिप्पणी गर्न लायक नै नभएको बताएका छन्। 'लुम्बिनी प्रदेशको आव ०८२-०८३ को बजेट कार्यक्रम अहिलेसम्मकै बेथिति, कमजोर छ।'-उनले भने।

नेकपा एमाले संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठले अहिलेको बजेट अस्तव्यस्त बनाउने मुख्य जिम्मेवारी अर्थमन्त्रीले गरेको आरोप लगाउँदै यही अवस्थामा बजेटलाई समर्थन गर्न नसकिने बताए।

बजेटबारे पार्टीभित्र र प्रदेशसभामा गम्भीर समीक्षा हुने श्रेष्ठले बताए।

नेपाली कांग्रेसका प्रदेश सभापति अमरसिंह पुनले बजेट निर्माण प्रकृयामै असहमति जनाउँदै आपत्ति जनाएका छन् भने एमालेका सांसदहरुले पनि बजेटको विरोध गरेका छन्।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत चौधरीले दलहरूबिच भएको छलफल, आवधिक योजना र बजेटरी सिद्धान्तविपरीत आएको बजेट स्वीकार्न नसकिने जनाए। उनले बजेट पुनर्लेखन नभएसम्म माओवादी केन्द्रले छलफलमा भाग नलिने बताए। सत्तारुढ दलका सांसद र मन्त्रीहरुले नै बजेट पुस्तिका च्यात्ने बताइरहेकाले विपक्षी दलले समर्थन गर्ने खालको बजेट नआएको उनले स्पष्ट पारे।

» बाँकी ३ पेजमा

# भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन माग गर्दै रास्वपाको ज्ञापनपत्र




बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी रुपन्देहीले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन माग गर्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ।

हालै सार्वजनिक भइरहेका विभिन्न घटनाक्रमहरूमा हजारौं नेपाली नागरिकहरु भिजिट भिसाको नाममा अवैध रूपमा मानव तस्करीको शिकार बनिरहेका तथ्यहरू गम्भीर रुपमा उजागर भएका भन्दै रास्वपाले सीडीओ वासुदेव घिमिरेलाई ५ बुंदे मागसहित ज्ञापनपत्र बुझाएको हो। अध्यागमन कार्यालय, ट्राभल एजेन्सी, म्यानपावर कम्पनी, केही कूटनीतिक नियोग तथा संगठित आपराधिक समूहहरुको संलग्नतामा युवाहरुलाई दुबईलगायतका मुलुक हुँदै गैरकानुनी रूपमा तेस्रो देश पुऱ्याउने कार्यहरू भइरहेको प्रमाणित भइरहेकाले यो प्रकारको आपराधिक गतिविधि नेपालको राज्यप्रणाली, कानुनी शासन र मानव अधिकारमाथिको गम्भीर प्रहार भएको रास्वपाको ज्ञापनपत्रमा उल्लेख छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले यो विषय विगतदेखि नै संसदमा निरन्तर उठाउँदै आएको र समाधानका लागि सरकारसँग प्रभावकारी पहल गर्न माग गर्दै आएको उल्लेख गर्दै सोही सन्दर्भमा जिल्ला प्रशासन कार्यालयमार्फत् संघीय सरकारको गम्भीर ध्यानाकर्षण गराएको हो। विगत केही वर्षमा भिजिट भिसाको नाममा भइरहेको मानव तस्करी तथा संगठित अपराधमा सरकारी संयन्त्र ट्राभल एजेन्सी म्यानपावर कम्पनी एयरलाइन्स तथा नेपाली र विदेशी नियोगहरुको संलग्नता रहेको आशंकाका आधारमा व्यापक र बहुआयामिक अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्न रास्वपाको माग छ।

उक्त छानबिन समितिको कार्यक्षेत्र, संरचना व्यवस्थापन तथा अधिकार निर्धारण गर्नका लागि कार्यसम्पादन समिति एक दिनभित्र गठन गर्न माग गरेको छ।

छानबिन प्रक्रियामा गृह मन्त्रालयअन्तर्गतका अध्यागमन विभाग, नेपाल प्रहरी, परराष्ट्र मन्त्रालय नागरिक उड्डयन प्राधिकरण तथा अन्य सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय गर्दै छानबिन पारदर्शी तथ्य आधारित र समयसीमा मित्र सम्पन्न गर्न नीतिगत तथा प्रणालीगत कमजोरीहरुको पहिचान र विश्लेषण गर्न माग गरेको छ।

मानव तस्करी र संगठित अपराधसँग संलग्न सरकारी कर्मचारी ट्राभल एजेन्सी, म्यानपावर कम्पनी तथा संस्थाहरुको भूमिकाको निष्पक्ष छानबिन साथै अवैध सञ्जालको अध्ययन र अनुसन्धान गर्न रास्वपाको माग छ।

यस्तै पीडितको संरक्षण तथा पुनःस्थापनाका लागि प्रशासनिक तथा न्याय प्रणालीका सुधारसम्बन्धी सुझाव अन्तर-निकाय समन्वय तथा सहकार्यका सन्दर्भमा सुधारका सिफारिसहरू गर्न माग गरेको छ।

छानबिन समिति गठन अनुसन्धान प्रक्रिया तथा प्रतिवेदन प्रकाशन पूर्णतः पारदर्शी र उच्च मापदण्ड युक्त हुनुपर्ने माग छ। छानवीनको सम्पूर्ण प्रक्रिया निष्पक्ष, प्रमाणमा आधारित र निष्कर्षमुखी रुपमा सम्पन्न गर्न माग छ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ असार ०७ गते, शनिबार

तपाईंका लागि...

## बिट्‌विन द लाइन्स्...

मलाई झण्डै छोएर जाने
पर... पुगिसकेको कालो मोटरसित
मृत्यु, आज जिन्दगीको छेवैनिर भएर गयो।
सानो दुर्घटनाको खुद्रा पैसाले पनि नकिनेर,
यो जिन्दगी
मृत्यु, आज बजारबाट खाली हात गयो।

बैरागी काइँला
(हाट भर्ने मानिसबाट)

**समीक्षा**

# ‘अर्थदृष्टि’ माथि पाठक दृष्टि



शंकर भण्डारी




‘अर्थदृष्टिः अल्पविकासको अर्थ-राजनीति’ मनिकर कार्कीद्वारा लेखिएको एक महत्त्वाकांक्षी पुस्तक हो। यस पुस्तकले नेपालको वर्तमान आर्थिक अवस्थालाई ऐतिहासिक, संरचनात्मक र विभिन्न राजनीतिक सन्दर्भमा विश्लेषण गर्ने प्रयास गरेको छ। ३०२ पानाको पुस्तकमा लेखकले पाँच अध्यायमार्फत् नेपालको अल्पविकासको कारण, अर्थतन्त्रको स्वरूप र यससँग सम्बन्धित अनेकौं राजनीतिक पक्षहरू केलाउन खोजेका छन्। नेपाली भाषामा नेपालको अर्थतन्त्रको सांगोपांगो इतिहास र यसको अर्थराजनीतिक विश्लेषण, नेपालको अल्पविकासको कारणहरूको निक्यौंल र यसबाट उम्कने उपायहरूको खोजीबारे निकै कम पुस्तकहरू लेखिएको सन्दर्भमा कार्कीले गरेको प्रयत्न पक्कै पनि सह्राहनीय कार्य हो। र, विषयवस्तुको महत्त्व र विस्तृतिको कारणले महत्त्वाकांक्षी पनि हो। पुस्तकको एउटा महत्वपूर्ण पक्ष भनेको यसले वर्तमान समस्यालाई संकेत मात्र गरेको छैन बरु यसको कारणहरूमाथि घोत्लिने प्रयत्न गरेको छ। पुँजी र प्रविधिको आयात, र वस्तु तथा सेवाको निर्यात आवश्यक रहेको सन्दर्भमा लेखकले नेपाल जस्तो मुलुकमा दीर्घकालिन आर्थिक परर्निभरता हटाउन सकिने सम्भावनाहरू देखाएका छन्। यसै सन्दर्भमा निजी जनसमुदाय, सरकारी तथा राज्यको साझेदारीमा आधारित वैकल्पिक अर्थतन्त्रको अवधारणा लेखकको प्रस्ताव हो। कार्कीले विश्व राजनीतिमा भइरहेको समकालिन विमर्शहरूलाई पनि कोट्याउने प्रयास गरेका छन्। अर्थतन्त्रसम्बन्धी बहसहरूमा प्रचलित नवउदारवादी ढाँचाको लेखकले आलोचना गरेका छन्। उनले रैथाने परिस्थिति अनुकुलको बाटो पहिल्याउनु पर्ने तर्क पनि संकेत गरेका छन्। नेपालको आर्थिक अवस्थालाई ऐतिहासिक रूपले विवेचना गर्दै वर्तमान अवस्थाको चित्रण गर्नु पुस्तकको सबल पक्ष हो। लेखकले पाँच अध्यायमार्फत् नेपालको अल्प विकसित अर्थतन्त्रको स्वरूप, कारण र त्यसको राजनीतिक पक्षहरू केलाउन खोजेका छन्। लेखकको विषय र उद्देश्य महत्त्वपूर्ण छ, तथापी यस पुस्तकको प्रस्तुति यसको विश्लेषणको गहिराई र यसको दृष्टिकोणमा कैयन अष्पष्टता र कमजोरीहरू छन्।

पुस्तकको पहिलो अध्याय ‘इतिहासको अर्थदृष्टि’मा नेपालको आर्थिक विकास वा अविकासको ऐतिहासिक पृष्ठभूमि केलाउने प्रयत्न गरिएको छ। तर यो प्रयास अत्यन्त हतारो र सतही छ। लेखक अर्थराजनीतिक इतिहास अध्ययनका निम्ति आवश्यक दृष्टिकोण र ‘मेथोडोलोजी’मा चुकेका छन्। उनको व्याख्याले अध्ययनको समग्रतालाई पक्रन सकेको छैन। पुस्तकमा लेखकले महेशचन्द्र रेग्मीका उद्दरणहरू उद्धृत त गरेका छन्, तर उनको विश्लेषण हेर्दा महेशचन्द्र रेग्मीलाई पर्याप्त बुझेको भान हुँदैन। इतिहास र अर्थशास्त्रको अन्तरसम्बन्धको गहिराइमा प्रवेश नै नगरी सतही ढंगले पुस्तक अगाडि बढेको छ।

दोस्रो अध्याय ‘अर्थतन्त्रको ढाँचा’ मा लेखकले नेपालको अर्थतन्त्रको संरचनागत स्वरूप विश्लेषण गर्ने प्रयास गरेका छन्। तर यहाँ पनि उनले समग्र आर्थिक ढाँचा विश्लेषण गर्दा आवश्यक तथ्य, आँकडा, तथा तुलनात्मक सन्दर्भ प्रभावकारी ढंगले प्रस्तुत गर्न चुकेका छन्। उदाहरणका लागि, नेपालको कृषि, सेवा र उद्योग क्षेत्र योगदान, रोजगारीको स्वरूप, औपचारिक-अनौपचारिक क्षेत्रको सम्बन्ध आदि बारेको विश्लेषण अत्यन्त सामान्य छ। ढाँचागत विश्लेषणलाई राजनीतिक व्याख्यासँग जोडेर हेर्न सकिने ठाउँ हुँदाहुँदै लेखकले त्यो पक्षलाई त्यति छुन सकेका छैनन्।

तेस्रो अध्याय ‘नेपाली अर्थतन्त्रका समस्याहरू’ तुलनात्मकरूपले महत्वपूर्ण खण्ड हो। लेखकले यहाँ केही ठोस समस्याहरू उजागर गरेका छन, जस्तै आयातमुखी अर्थतन्त्र, धनको स्थानान्तरण, निर्वाहमुखि कृषि क्षेत्र र राजनीतिक अदुरदर्शिता। यी सबै मुद्दाहरू नेपालका समकालिन आर्थिक समस्याका महत्वपूर्ण पक्ष हुन्। यद्यपि लेखकले यिनको उत्पत्ति, संरचनागत त्रुटी र समाधानका सम्भावनाहरूबारे गहिरो विश्लेषण गर्न सकेका छैनन्। आयातमुखी अर्थतन्त्र किन र कसरी विकसित भयो ? यसको विकल्प के हुनसक्छ ? भन्ने जस्ता अहम प्रश्नहरू अनुत्तरित छन्।

चौथो अध्याय ‘अल्पविकासको अर्थ-राजनीति’ पुस्तकको केन्द्रीय अंश हो। लेखकले यहाँ अल्पविकासलाई शुद्ध आर्थिक समस्याभन्दा बढी राजनीतिक संरचना र शक्ति सम्बन्धसँग जोडेर हेर्न खोजेका छन्। यो दृष्टिकोणले मार्क्सवादी अध्ययन विधिलाई आकर्षित गरेको छ। तर पुस्तकमा व्यक्त विश्लेषण भने छिपछिपे मात्र छ। लेखकले कहिँ कतै पनि ‘अल्पविकास’ लाई परिभाषित गरेका छैनन्। यो भाष्य कहाँ र कसरी निर्माण भयो कुनै चर्चा छैन। लेखक कुन र कति कारणले यो भाष्यसँग सहमत भए बुझ्न सकिदैन। पुस्तकको कभरमा दिइएको शीर्षकको यो महत्वपूर्ण अंश पुस्तकभित्र कतै सान्र्दभिक ढंगले ‘स्थापित’ गरिएको छैन। यस खण्डमा विश्वबजारमा नेपालको स्थिति, शक्ति संरचना, राज्यको वर्गीय चरित्र तथा ‘विकास’ भाष्य माथि अन्तरराष्ट्रिय संस्थाको राजनीति मसिनोगरि व्याख्या हुन सकेको छैन। पुस्तकको पाचौँ अध्यायमा लेखकले पुँजीवादी संरचनाको आलोचना गर्ने प्रयास गरेका छन्। नेपालजस्तो परर्निभर मुलुकमा पुँजीवादको प्रभाव र त्यसले निमत्याएको संकटको चर्चा गर्नु एकदम सान्दर्भिक देखिन्छ। तर, लेखकको त्यो आलोचना सैद्धान्तिकभन्दा बढी सामान्य असन्तुष्टी जस्तो छ। यहाँ उठाउन खोजिएको मुद्दाको अवधारणात्मक व्याख्यामा कमी छ।

पुस्तकको निष्कर्षमा लेखकले वैकल्पिक अर्थतन्त्रको खोजी गर्नुपर्ने आवश्यकता औंलाएका छन्। तर त्यो वैकल्पिक मोडल के र कस्तो हुनसक्छ ? राज्यको भूमिका, उत्पादन सम्बन्ध, बजार संरचना वा उपभोक्तावादबारे कुन दृष्टिकोण लिनु उचित हुन्छ ? भन्ने कुनै स्पष्टता छैन। यो खण्ड पढि सिध्याउँदा लेखकको बुझाई अझ परिपक्क भइनसकेको प्रष्ट हुन्छ। लेखकको विचार केही शब्द र पदावली वरिपरि जेलिएको छ, तर विचारको संरचनागत प्रस्तुति अत्यन्त कमजोर देखिन्छ। अल्पविकासको अर्थ-राजनीति पुस्तकको मुल विषय भए पनि लेखकले यस विषयको सैद्धान्तिक र ऐतिहासिक परिपेक्ष्यबाट ठोस व्याख्या गरेका छैनन्। विकासका मोडलहरूबारे विमर्श छैन। लेखकले कुन मोडलको वकालत गरेका हुन स्पष्ट छैन।

एन्ड्रयु फ्रयांक, समिर अमिन, अमर्त्य सेन आदि विकास बारेका आलोचकहरूबारे लेखकको धारणा के हो थाहा हुँदैन। त्यसो त पन्ध्र पेजको सन्दर्भ सूची उल्लेख गरिएको छ, पुस्तकमा। तर लेखकले व्यक्त गर्न खोजेको कुरा र ती सन्दर्भ सूचीमा भएका सामग्रीहरूको तादम्यता मिल्न सकेको छैन। पढ्दैजाँदा कतै-कतै यस्तो प्रतित हुन्छ, लेखकले ती सन्दर्भमा भएका सामग्रीहरूको उल्लेख केवल आफ्नो अध्ययनको प्रमाणीकरणको लागि मात्र उल्लेख गरेका हुन कि ? धेरै सन्दर्भ सूचीले मात्र भन्न खोजेको कुरा स्पष्ट र ‘स्थापित’ हुने होइन।

पुस्तकमा प्रयुक्त भाषा सरल छ। जुन सामान्य पाठकका लागि उपयोगी हुन सक्छ। तर वैचारिक स्पष्टता र तार्किक संरचनामा प्रसस्त कमजोरीहरू छन्। कतिपय अशंहरूमा दोहोरिएका विचारहरू, अस्पष्ट शब्दावली र सन्दर्भविहीन तर्कले पाठकलाई अलमलमा पार्न सक्छ। ‘अर्थदृष्टिःअल्पविकासको अर्थ-राजनीति’ एक प्रारम्भिक प्रयास हो। यसले नेपालको अर्थ-राजनीतिक समस्याहरूको सतही चित्र प्रस्तुत गरेको छ। यसमा उठाइएका विषयहरू महत्वपूर्ण छन्। अल्पविकास, पुँजीवाद, राजनीति, कृषि प्रणाली, आयातमुखि प्रवृत्ति र राजनीतिक नेतृत्वको अदुरदर्शिता यिनै हुन्, आजका विषय र मुद्दाहरू। यी सबै विषयलाई गम्भीर ढंगले पर्गेल्न प्रयास सह्राहनीय छ, तर विश्लेषण पर्याप्त छैन। यद्यपि यो पुस्तक आलोचनात्मक दृष्टिकोण निर्माण र विषयवस्तु पहिचानतर्फ लाग्न चाहने नवलेखकहरूको लागि सिकाइको स्रोत बन्न सक्छ। त्यस्तै नयाँ पाठक र अर्थराजनीतिका विद्यार्थीको लागि यो पुस्तक प्रारम्भिक र आधारभूत पठन सामग्री हुनसक्छ।

समग्रमा ‘अर्थदृष्टिःअल्पविकासको अर्थ-राजनीति’ एउटा सम्भावनायुक्त, तर अधुरो प्रयास हो। यसले नेपालको आर्थिक बहसको खाचौं औंल्याएको छ। तर यो बहसलाई गहिरो बनाउने सामग्रीको अभाव देखिन्छ। पुस्तक पढि सिध्याउँदा यसले हामीसँग भएका थुप्रै प्रश्नहरूलाई ब्युँत्याइदिन्छ। पुस्तकको पाण्डुलिपीको पियर रिभ्यु भएको भए अझैं गहन र विश्लेषणात्मक हुन्थ्यो कि ? समग्रमा लेखकले नेपालको अल्पविकासको अर्थराजनीतिको ऐतिहासिकता र बहुआयामिक समीक्षा गर्ने प्रयत्न गरेका छन्। तर, यो पुस्तकमा अभाव खट्केको विश्लेषणात्मक पक्षको लागि भने लेखकले अर्को पुस्तकको तयारी गर्नु उपयुक्त हुन्छ। लेखन कार्कीमा प्रशस्त सम्भावना रहेको हुनाले नै यो पुस्तकको निरन्तरतामा अर्को पुस्तकको सुझावसहित यो टिप्पणी लेखिएको हो।

**कथा**

# स्मृतिदंश

सनत रेग्मी

छोरी आभालाई साहित्यमा गहिरो अभिरुचि छ। हुन त ऊ साइन्सकी विद्यार्थी हो, तर साइन्स जस्तो नीरस जटिल विषय अध्ययन गर्ने छोरीमा साहित्यप्रति किन अभिरुचि जागृत भयो। घरपरिवारको वातावरण र परिवेश दुवै साहित्यिक प्रकृतिका छैनन्। उनको बाबु दीनबन्धु अर्याललाई नवधनाढ्य र आधुनिक सभ्यताका पृष्ठपोषक देखाउनुमा गर्व लाग्छ र यसका लागि उनले निकै मिहिनेत पनि गरे। प्रारम्भमा टी.सी.एन्.को जागिरबाट आफ्नो लक्ष्यपूर्तिमा लागेका दीनबन्धु दिनरात पैसा कमाउने धुनमा रहन्थे। काठ र काठका किसिम, माप, मोलभाउको अतिरिक्त उनलाई अरु कुराको ज्ञानै थिएन। काठको काम गर्दागर्दै उनले टी.सी.एन्.को जागिर छोडेर आफ्नै काठको व्यापार गर्न थाले। काठका व्यापारबाट काठ(तस्कर र काठतस्करीबाट वैदेशिक व्यापार, अनि अन्तर्राष्ट्रिय तस्करी। उनले छोटै समयमा प्रशस्त कमाइ गरेका छन् र नेपालको नामी नवधनाढ्य व्यक्तिहरूमा गनिन्छन्। पुस्तक र अक्षरहरू त उनले जागिर खानुभन्दा पहिले जब उनी विद्यार्थी थिए, त्यसै बेला मात्र चिनेका थिए। त्यसपछि उनले चिनको वस्तु हो पैसा र पैसाबाट जोरेको सान-सौकत।

बाबुको प्रभाव त उसलाई परेको छैन, तर यो साहित्य-अभिरुचिको प्रभाव उसमा कसरी पर्न गयो। मलाई साहित्यप्रति कुनै अभिरुचि छैन। मनोरञ्जनका लागि घरमा टिभी, डेक, भिडियो गेमहरू छन्, त्यसले नै समय बिताउँछु। स्कुलमा पढ्दा जे पढें पढें, त्यसपछि त केही पढ्नैपरेको छैन। बिहेपछि छोराछोरी पढाउनु, पारिवारिक सुख-सुविधा जुटाउनु र श्रीमान्लाई आवश्यक काममा सघाउनुबाहेक मलाई अरु केही गर्ने समय नै मिलेन र साहित्यपट्टि अभिरुचि पनि थिएन। घरमा सिनेमाका मनोरञ्जक पत्रपत्रिकाबाहेक, घर सिँगार्नेबारेमा, फूल-बिरुवा सजाउनेजस्ता अङ्ग्रेजीका पत्रपत्रिकाहरू मात्र आउँथे, कुनै साहित्यिक पत्रपत्रिका आउँदैनथे। छोरो सुभाष इन्जिनियररिङ र छोरी आभा डाक्टरी पढिरहेका छन्। छोरी आभालाई भने साहित्यप्रति विशेष अभिरुचि छ।

आभालाई घरमा साहित्यिक वातावरण छैन। उनलाई कहिले कुनै साहित्यिक चर्चा गर्नुपरे ऊ मसँग कुरा गर्छे। उसको सन्तोषका लागि म उसको कुरा सुनिदिन्छु। केही जानेपनि नजाने पनि उसको होमा हो मिलाइदिन्छु। त्यसबाहेक म ऊसँग के चर्चा गरौं ? कहिलेकाहीं झर्को लाग्छ, अनि भनिदिने गर्छु- “आभा, तिमी डाक्टर भएपछि के गर्छ्यौ, कहिले समय पाउँछ्यौ साहित्य अध्ययन-लेखन गर्ने ?” आज पनि ऊ साहित्यिक चर्चा गर्न तम्सिएकी छे। ऊ भन्छे- “आमा, अब आउने सोमबार यहाँ एउटा बृहत साहित्य गोष्ठी हुँदैछ, यहाँ अधिराज्यभरिका साहित्यकारहरू आउँदैछन्। मैले उनीहरूलाई घरमा डाक्ने र एक छाक खाने व्यवस्था गर्ने विचार गरेकी छु।”

“आभा, तँलाई यो साहित्यिक अनुराग कसरी जाग्यो नानी ? यो घरमा साहित्य एउटा कण पनि छैन, फेरि तँ त विज्ञानकी छात्रा, डाक्टरी पढिरहेकी छेस्। विज्ञान र साहित्य परस्पर विरोधी विषय कसरी दुवैमा तेरो अभिरुचि बढेको ?”

“आमा, साँच्चै भनौं भने मलाई साहित्यमा डोऱ्याउने, त्यसमा अभिरुचि जगाउने त तपाईं नै हो।”

“के भन्छेस् तँ नानी! म, मैले कुनै साहित्य पढ्या छैन। मलाई त्यसप्रति कुनै अभिरुचि छैन। अनि मैले कसरी तँलाई त्यतातिर डोऱ्याएँ ?”

“आमा, जब मैले आइ.एस्सी. पास गरेकी थिएँ त्यसै बेला तपाईंले आफ्नो दराज सफा गर्न मलाई अराउनुभएको थियो। दराजका पुराना लुगाहरू नोकरचाकरलाई बाँडिदिनु र नयाँ ल्याएका लुगाहरू मिलाइदिनु भन्नुभएको थियो। मैले त्यही लुगाहरू मिलाउँदा तपाईंको दराजमा दुईवटा पुस्तक पाएकी थिएँ, कुनै ‘योग कौशिक’ लेखेका। ती पुस्तकहरू कुनै ‘विद्या शर्मा’लाई समर्पित गरिएका थिए। मैले ती दुवै पुस्तक पढें, अनि मलाई पुस्तक पढ्ने रुचि बढ्दै गयो। साहित्यमा चाख लाग्दै गयो। ती पुस्तकका कथाहरू सारै रोचक थिए। मैले कहिल्यै पनि ती पुस्तक तपाईंले पढेको थाहा पाइनँ।”

आभाको जवाफ सुनेर म अवाक् भएँ। योग कौशिकका ती पुस्तकहरू मसँग छन् भन्ने कुरा पनि मैले बिर्सिसकेको थिएँ। ती पुस्तकहरू मेरो साहित्यिक अभिरुचिका विषय थिएनन्, त्यो अर्कै संवेदना थियो, जुन संवेदनाले मलाई साहित्यमा अभिरुचि जगाउन सक्थ्यो, तर मेरा संस्कारहरू साहित्यिक थिएनन्। मेरो अर्कै मर्म थियो र म त्यसै मर्मले मर्माहत थिएँ। त्यस पुस्तकमा के लेखिएको छ त्यो मेरो सरोकारको विषय थिएनन्। मेरो सरोकारको विषय थियो विद्यालाई समर्पित गरेको ‘योग कौशिक’को हस्ताक्षर। मैले ती पुस्तक पढेकै थिइनँ। पढेकी थिएँ मात्र हस्ताक्षर ‘योग कौशिक’को हस्ताक्षर। ती पुस्तक योग कौशिकको सम्मोहनमा सम्माहित थिए। योग कौशिक एउटा नाम...मेरो चाहनाको...मेरो अतृप्तिको...मेरो पहिलो माया...मेरो तत्कालीन यौन संवेदनाको। यो नाम यस २९ वर्षको अन्तरालमा धेरै पटक मेरो मानसपटलमा झल्कने गरेको छ। धेरै पटक झल्याकझुलुक झल्किने बिलाउने गरेको छ र एउटा अव्यक्त पीडा र मीठो दुखाइ दिएर जाने गरेको छ। अहिले आभाले यो नाम लिनासाथ एक पटक मुटु चसक्क, चस्क्यो, एउटा विकल पीडाले मनलाई घोच्न थाल्यो। सायद पीडाको छाया अनुहारमा प्रतिबिम्बित भएछ कि क्या हो ? आभाले सोधिहाली-“आमा के भयो ?”

“केही होइन छोरी, अलि सन्चो नभएजस्तो छ। जीउ गलेको छ। प्रेसर बढेकाले हो कि ?” छोरीलाई ढाँट्न त खोजेँ, तर ढाँट्न सफल भएझैं लागेन। आभा केही अविश्वा, केही आशंका, केही अनुमान, केही शंकामिश्रित आँखाले मतिर हेरिरहेकी थिई।

“आमा, ती पुस्तकहरू योग कौशिकका प्रारम्भिक रचनाहरू थिएँ। त्यसमा केही भावुकता, केही रोमान्स थियो। नवयुवतीहरूलाई मन पर्ने भावुकता र रोमान्सेली कथाहरूले मलाई सारै प्रभावित पाऱ्यो र मलाई अरु त्यस्तै पुस्कहरू पढ्न मन लाग्यो। विस्तारै साहित्यप्रतिको अभिरुचि बढ्दै गयो। अहिले त म आफै लेख्छु। योग कोशिकका रचनाहरू पनि सारै उत्कृष्ट हुँदै गएका छन्। सायद आफ्ना ती प्रारम्भिक रचनाहरू पढ्दा उनलाई आजभोलि आफैं आश्चर्य लाग्ला। जे होस्, मलाई साहित्यिक अभिरुचि बढाउने त योग कौशिक नै हुन्। उनका कथाहरू पढेर नै मैले साहित्यको क्षेत्रमा खुट्टा चालेकी हुँ।”

“योग कोशि कुनै बेला हाम्रो स्कुलमा पढ्थे। उनले यो पुस्तक मेरो मित्र विद्यालाई दिएका थिएँ। मैले मागेर ल्याएकी थिएँ। स्कुल बेलाको सम्झना विद्याको स्मृति भनेर राखेकी।” पुस्तक आफूसँग राख्नुको औचित्य प्रमाणित गर्न मैले आभालाई स्पष्टीकरण दिएँ। मलाई लाग्यो मेरो स्पष्टीकरणसँग ऊ सन्तुष्ट छैन र ऊ आफैंसँग सोधिरहेकी छ-आमाले विद्याको स्मृतिमा हो कि, योग कौशिकको स्मृतिमा पुस्तक समालेर राख्नुभएको हो ? मलाई किन हो आभाको सामु आफू अनावृत भएझैं लाग्छ। मलाई लाग्छ, आभा मेरो गोपन र मर्मलाई बुझ्न थालेकी छ, त्यसैले म उससँग आँखा जुधाउन सक्तिनँ। म टाउको निहुराउँछु र भन्छु- “मलाई सन्चो नहोला जस्तो भइरहेको छ। किनकिन मन आत्तिएजस्तो भएको छ। म एक छिन आराम गर्छु छोरी।” म बैठककोठाको सोफाबाट उठेर बिस्तारै सुत्ने कोठातिर लाग्छु। आभा आश्यर्चमिश्रित दृष्टि मतिर फालेर सोफामा बस्छे।

म ओछ्यानमा पल्टेर आफ्नो अतीतमा हराउँछु। आजभन्दा २९ वर्षपहिले जब मैले भर्खर १६ वर्ष काटेर १७ वर्षको उमेरमा टेकेकी थिएँ। ममा यौवनका लक्षणहरू पुष्ट हुँदै थिए र अनुहारमा तारुण्यको आकर्षणको आभास टल्किन थालेको थियो। मलाई पनि पुरुषहरूप्रति आकर्षण बढ्न लागेको थियो। राम्रो खाइलाग्दो र हुष्टपुष्ट युवकलाई देखेपछि उसको शरीर-सौष्ठवको आकर्षणमा आकर्षित हुन थालेकी थिएँ। केटाहरूसँग हिमचिम गर्न र लहसिन मन लाग्छ थालेको थियो। उसो त म त्यति आकर्षक थिइनँ। अनुहारमा बैंसको आकर्षण भए पनि हिसी परेको अनुहार थिएन मेरो। शरीरले दुब्ली-पातल थिएँ। अनुहार तामा वर्णको थियो। लाम्चो अनुहार, कपाल लामो थियो। स्कुलमा पढ्ने केटीहरू मभन्दा राम्रा नै थिए। तीमध्ये विद्या त झन् चौपट्ट राम्री थिई। विद्यासँग मेरो निकै घनिष्ठता थियो। म त्यति बेला नौ कक्षामा पढ्दै थिएँ।

स्कुलमा केटाहरू मप्रति आकर्षित हुँदैनथे। सबै अरु अरु केटीहरूलाई मन पराउँथे, तर मसँग कोही झ्याम्मिन चाहन्नथ्यो। मलाई त्यस बखत स्कुलका सबै केटीहरूसँग इर्ष्या हुन्थ्यो र म राम्री देखिन धेरै सिँगारपटारतिर ध्यान दिन्थेँ। स्कुलका धेरैजसो केटाहरू विद्यालाई मन पराउँथे र विद्यालसँग घनिष्ठता बढाउन चाहन्थे। विद्या भने केटाहरूसँग हिमचिम गर्न सङ्कोच मान्थी र कसैसँग बोल्दैनथी। म त्यस बखत धेरै केटाहरूलाई मन पराउँथे र घनिष्ठ हुन चाहन्थेँ, तर मध्यमवर्गीय मानसिकताले गर्दा म कसैसँग नजिकिन आँट गर्न सक्तिनथें। ममा त्यस बखत बैंसको यौनाकाङ्क्षा थियो होला। कुनै पनि युवक मेरा निम्ति विशेष आकर्षणको व्यक्ति थिएन, जो पनि मलाई आकर्षक नै लाग्थ्यो।

मेरो बाबा भन्सारमा खरदार हुनुहुन्थ्यो। उहाँलाई छोरीको बिहे गर्ने चिन्ता थियो। उहाँले मेरो बिहेका लागि केटो खोजिरहनुभएको थियो। त्यहाँ विवाहयोग्य कुमारहरूको चर्चा चल्दा मेरो बाबाले योग कौशिकको चर्चा गर्नुहुन्थ्यो। बाबाले मलाई योग कोशिकलाई दिन पाए हुन्थ्यो भनेको सुनेपछि बल्ल म योग कौशिकतर्फ विशेष आकर्षित भएँ। यो कौशिक मेरै स्कुलमा पढ्दै थिए।

» बाँकी ३ पेजमा

दैनिक लुम्बिनी
रु.जि.हु.द.नं.१३/०६३/०६४

# बुटवल–नारायणगढ खण्ड ४ दिनदेखि बन्द

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

पूर्वपश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्ड पछिल्लो ४ दिन यता लगातार बन्द भएको छ। पछिल्लो ४६ दिनको अवधिमा बुटवल नारायणगढ सडक खण्ड २६ पटकभन्दा बढी अवरुद्ध भएको छ।

बिहीबार साँझ केही समय यातायात सञ्चालनमा आएको भए पनि रातिदेखि पुन अवरुद्ध भएको हो । विनयी खोलामा बस फसेपछि गएराति ११ बजेदेखि सडक अवरुद्ध भएको हो भने दाउन्नेमा शनिबार बिहानदेखि पुनः बाटो हिलो र चिप्लो भएर सञ्चालनमा आउन नसकेको जिल्ला ट्राफिक कार्यालय नवलपुरका प्रहरी निरीक्षक जनकराज बन्जाराले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले तत्काल बाटो खुलि हाल्ने अवस्था नरहेको उनले बताए । उनले भने - 'वनयी खोलामा पानीका बहाब घटेको छैन। जसले गर्दा डाइभर्सन बनाउनै सकिएको छैन। दाउन्नेमा पनि बाटो हिलो र चिप्लो भएका कारण उकालोमा उक्लन सकेको छैन।'

नेपालकै लाइभ लाइन मानिने पूर्वपश्चिम राजमार्ग ४ दिनदेखि लगातार अवरुद्ध भएपछि जिल्ला प्रहरी कार्यालय नवलपुरले सूचना नै जारी गरी बुटवल नारायणगढ सडक खण्ड प्रयोग नगर्न अनुरोध गरेको छ।

पूर्वबाट पश्चिम जाने सवारी साधनलाई नारायणगढ मुग्लिन पोखरा स्याङ्जा हुँदै बुटवलको बाटो, पश्चिमबाट पूर्व आउने सवारी साधनलाई बुटवल स्याङ्जा पोखरा मुग्लिन हुँदै नारायणगढको बाटो प्रयो गर्न अनुरोध गरिएको छ। त्यसैगरी काठमाडौंबाट बुटवल आउने सवारी साधनलाई मुग्लिन पोखरा स्याङजा हुँदै बुटवल आउन र हल्का सवारी साधनलाई कालीगण्डकी कोरिडोरको बाटो त्यो पनि बुझेर मात्र प्रयोग गर्न अनुरोध गरेको छ।

दुम्किबासको विनयी खोलामा नयाँ पुल जेठ २३ गते निर्माण सम्पन्न भएको छ । उक्त पुल निर्माण सम्पन्न भएको २८ दिनपछि मात्र सञ्चालनमा ल्याउन मिल्ने भए पनि २१ दिन भित्र सञ्चालनमा ल्याउने गरी अर्थात् असार १६ गतेतिर मात्र सञ्चालनमा आउने तयारी भएको छ। दाउन्नेका सडक यो वर्षामा ढलान तथा कालो पत्रे नहुने भएको छ। जसले गर्दा दाउन्नेको सडक यो वर्षामा सधैंको सास्ती हुने भएको छ।

यसैगरी पूर्व काठमाडौंबाट पश्चिम दाङको लागि छुटेको भे. १ ख. ४०८५ नम्बरको बसलाई प्रहरीले नदीमा पानीका बहाब बढेकोले गाडी पास नगराउन भन्दा भन्दै जबरजस्ती हालेपछि बस फस्न पुगे। खोलाको बीच भागमा फसेको बसका यात्रुहरुलाई उद्दार गर्न प्रहरी र सशस्त्र प्रहरीको टोली खटे करिब राति साढे १२ बजेबाट उद्दार शुरु भयो।

१ बजेतिर मानिसहरु विस्तार जेसिबीको साहारामा उद्दार हुन थाले तर बसमा रहेका करिब ४० जनालाई यात्रुलाई उद्दार गर्न प्रहरी टोलीलाई डेढ घण्टाभन्दा बढी लाग्यो । जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक मधु नेपालका अनुसार करिब पौने ३ बजेतिर उद्दार कार्य सकिएको थियो। बस फसेको झण्डै ४ घण्टामा उद्दार कार्य सकिएको थियो।

बसमा फसेका यात्रुहरुको सशस्त्र प्रहरी र नेपाल प्रहरीले सकुशल उद्धार गरेको हो। उद्धार सकेको गरेको करिब १० मिनेटमा नै सो बस खोलाले बगाउन पुग्यो। सो गाडीमा ४० जना यात्रु सवार रहेका थिए।

उनीहरूमध्ये २७ जना खोलाभित्र फसेकोमा उनीहरूलाई सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गुल्म नवलपुरबाट सशस्त्र प्रहरी नायब उपरीक्षक विनोद कार्कीको कमान्ड तथा सुरक्षा बेस चोरमारा र सर्दीबाट खटिएको सुरक्षा फौज र नेपाल प्रहरीको टोलीले क्रेन र डोजको सहायताले सकुशल उद्धार गरेको हो।

खोलाले बगाएको बस बिहान पख घटना स्थलबाट ५ सय मिटर पर फेला परेको नवलपुर प्रहरीले जनाएको छ।

**दुम्किवासमा अलपत्र यात्रुलाई निःशुल्क खाना**

गएरातीदेखि महेन्द्र राजमार्गअन्तर्गत दुम्कीबासको विनयी खोला छेउमा अलपत्र परेका दुई हजार भन्दै धेरै यात्रुलाई स्थानीयले निःशुल्क खाना खुवाएका छन्।

दुम्किबासका स्थानीय होटल व्यवसायी, स्थानीय व्यापारी, रेडक्रससकर्मी र स्थानीय बासिन्दा मिलेर यात्रुहरुलाई खाना खुवाइएको दुम्किबासका स्थानीय बासिन्दा सूर्य श्रेष्ठले बताए।

दुम्किबासबाट पश्चिम दाउन्ने सवारी साधन नउक्लेको र दुम्किबास पूर्व विनयी खोलामा डाइभर्सन बगाएका कारण दुम्किबास क्षेत्रमा २ हजार बढी यात्रुहरु फसेका छन्।

स्थानीय सुनिल खनालले बाटो सुचारु नहुन्जेल आफूहरुले खाना खुवाउने बताए। यात्रुहरु लामो दुरीका धेरै यात्रुहरु अलपत्र परेको र कतिपय खर्चको अभावमा भोकै पर्ने भएपछि निःशुल्क खाना खुवान सुरु गरिएको उनले बताए।

---

## सत्तारुढ...

सत्तारुढ दलका सांसद र मन्त्रीहरुबाटै चर्को असन्तुष्टी रहेकाले बजेट पुनर्लेखनको विकल्प नभएको चौधरीले बताए।

सत्तारुढ नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले बजेट संघीय शासन प्रणालीको मर्म र प्रदेशको सन्तुलित विकासको आवश्यकताविपरीत मन्त्री तथा सांसदहरुको आफ्नो र निश्चित स्वार्थ समूहको दबाबमा बनेको आरोप लगाएका छन्।

पुनको तर्फबाट सचिवालय प्रमुख अनुपम जिसीले शुक्रबार जारी गरेको विज्ञप्तिमा लुम्बिनी प्रदेशका सबै क्षेत्र तथा भूगोलमा आवश्यकता बमोजिम न्यायोचित, सन्तुलित, समानुपातिक र समावेशी रुपमा बजेट विनियोजन नभएको उल्लेख छ। यस्तै प्रदेशको समुन्नत विकास र समृद्धिको लागि आवश्यकताभन्दा पहुँच, राज्यशक्ति र निहित स्वार्थपूर्ति गर्न बजेट निर्माण भएको तथा प्रदेशको बजेट निर्माण गर्दा आर्थिक अनुशासन तथा सामान्य नीतिगत सहभागिता नबनाई दायरा संकुचन गरिएको समेत आरोप लगाइएको छ। यस्तै सम्बन्धित मन्त्रालय वा स्थानमा भन्दा बाहिर अनधिकृत व्यक्ति वा समूहको सहभागिता र अनधिकृत स्थलमा बजेट तयार गरेको गम्भीर आरोप समेत उनले लगाएका छन्।

यस्तै समुन्नत प्रदेशको लागि दूरगामी महत्व तथा क्षेत्रगत रणनीतिक कार्यक्रमको भन्दा अल्पकालीन लाभका कार्यक्रमलाई विशेष जोड दिएको समेत विज्ञप्तिमा उल्लेख छ । यस्तै विज्ञप्तिमा विषयगत निकाय तथा कार्यालयहरूबाट प्राथमिकताका आधारमा पूर्वतयारी पूरा भई आएका कार्यक्रमलाई बेवास्ता गरी सम्बन्धित नेतृत्वको स्वविवेक तथा टुक्रे योजन तथा कार्यक्रमलाई प्राथमिकता दिएको आरोपसमेत लगाइएको छ।

शहरी विकास मन्त्री रोज राणाले बजेटबारे मन्त्री र सांसदहरुको असन्तुष्टी विगतदेखिकै परम्परा भएकाले यसलाई सामान्य रुपमा लिनुपर्ने बताए। सुरुमा २८ अर्बमा सिलिङ दिएपछि बढीमा ३६ अर्बसम्मको बजेट बन्ने अनुमान रहेकामा पछि एकाएक ३ अर्ब बढाएपछि समस्या आएको उनले बताए। 'लुकाएर बाँड्न राखिएको, तर पछि लुकाउन नमिलेको ३ अर्ब नै विवादको विषय हो, यसमा विभागीय मन्त्रीको नै मिस्टेक हो।'-उनले भने।

जनमत पार्टी संसदीय दलका नेता चन्द्रकेश गुप्ताले बजेट सत्तारुढ दुई दलका नेता र मन्त्रीको लागि मात्रै भएको टिप्पणी गरे।

लोकतान्त्रिक समाजवादी पार्टीकी प्रमुख सचेतक हेमा बेल्बासेले बजेट कनिका छरेजस्तो वितरणमुखी र प्रतिफल नदिने गरी आएकाले संशोधन जरुरी रहेका बताइन्। स्थानीय माग र आवश्यकता एकातिर बजेट अर्कोतिर आएको भन्दै यस्तो बजेटलले निरन्तरता पाउने हो भने प्रदेशप्रति जन आक्रोश बढ्दै जाने उनले टिप्पणी गरिन्।

जनता समाजवादी पार्टी नेपालकी सांसद अम्बिका काफ्लेले १२ जिल्लाको भौगोलिक र जातिगत हिसाबले समानुपातिक र समावेशी नभएको असन्तुलित बजेट आएको बताएन् । सत्तापक्षकै साना दलहरुलाई उपेक्षा गरिएको, प्रत्यक्ष र समानुपातिक सांसदलाई विभेद गरेर न्यून योजना र बजेट दिइएको र त्यसमा पनि झेल गरेर रातो किताबमा योजनाहरु नसमेटिएको काफ्लेले बताइन्। उनले बजेट पुनर्लेखनको विकल्प नभएको बताइन्।

राप्रपाका सांसद जानकीप्रसाद यादवले बजेट सत्ता पक्षका दुई दलका सीमित नेताका क्षेत्रमा मात्रै बाँडिएको भन्दै वहिष्कार गर्ने र रातो किताब फिर्ता गर्ने बताए।

राष्ट्रिय जनमोर्चाकी सांसद तारा थापाले बजेट एकदमै असन्तुलित र अनियमित ढंगले आएको बताइन्। मन्त्रीहरुले आफ्नो क्षेत्र र आफ्ना मान्छेले मागेका योजनामा मात्रै बजेट दिएको तर चाहिने ठाउँमा बजेट नदिएको थापाले जनाइन्।

समानुपातिक सांसदहरुलाई एक करोड १० लाखका बजेट दिने प्रतिवद्धता अनुसार योजना मागे पनि रातो किताबमा नआएको हुँदा सरकारले बेइमानी गरेको उनले बताइन्।

बजेटका सम्बन्धमा प्रतिक्रिया लिन खोज्दा अर्थमन्त्री कार्कीको भने मोबाइल स्वीच्ड अफ छ। प्रदेश सरकारका प्रवक्ता एवं कृषि मन्त्री दिनेश पन्थीले बजेटप्रति असन्तुष्टी जनाउने विगतदेखि चल्दै आएको संसदीय परम्परा नै भएको बताए।

## भिजिट...

भिजिट भिसाको नाममा भइरहेको मानव तस्करीमा संलग्न दोषी उपर कानुन बमोजिम कडाभन्दा कडा कारबाही गर्न, पीडितहरूको संरक्षण राहत तथा क्षतिपूर्तिको व्यवस्था सुनिश्चित गर्न, यस्ता गम्भीर विषयमा राजनीतिक-प्रशासनिक जवाफदेहिताको अभाव तथा कर्तव्यच्युतका कारण गृहमन्त्रीको राजीनामा समेत रास्वपाले माग गरेको छ।

ज्ञापनपत्रमार्फत् सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै पार्टीले आवश्यक छानबिन र कानुनी कारबाहीको प्रक्रिया तुरुन्त अघि बढाउन रास्वपाको माग छ।

ज्ञापनपत्र बुझाउन जिल्ला सभापति डा. बुद्धि शर्मा, जिल्ला सचिव विष्णु पौडेल, प्रचार प्रसार प्रमुख महेन्द्रप्रसाद उपाध्याय, मानव संशासन केन्द्रीय विभाग सदस्य गोपाल घिमिरे र गणेश पौडेल, रुपन्देही ३ सभापति मधु अर्याल लगायत जिल्ला प्रशासन पुगेका थिए।

स्थापना दिवसका अवसरमा भैरहवा कारगार सेरोफेरोमा वृहत् शान्ति र्‍याली र भिम अस्पताल भैरहवाको इमर्जेन्सी विभागमा फलफूल वितरण गरिएको छ। यस्तै तेस्रो स्थापना दिवसका अवसरमा रुपन्देहीका सबै जसो पालिकाहरुमा सरसफाई अभियान सञ्चालन हुने रुपन्देही ३ सभापति मधु अर्यालले बताए।

---

## स्मृतिदंश ...

योग कौशिक एउटा प्रतिभाशाली छात्र थिए। वादविवाद, निबन्ध आदि प्रतियोगितामा सधैं प्रथम हुन्थे। स्कुलको नाटक र सांस्कृतिक कार्यक्रमहरूमा उनको सहभागिता रहन्थ्यो। जीउडालमा चाहिँ उनी त्यति आकर्षक थिएनन्। २०(२१ वर्षको उमेर, दुब्लो-पातलो जीउ सामान्य कदकाठीका गौर वर्णका नवयुवक थिए, तर उनी मलाई सारै आकर्षक लाग्दथे। मलाई उनको कुरा सुनिरहूँ जस्तो लाग्थ्यो। उनको अनुहार हेरिरहुँ जस्तो लाग्थ्यो। उनी क्लासबाट बाहिर निस्केर पानी खान कलधारातिर लाग्नासाथ म पनि क्लासबाट निस्किहाल्थें र कलधारामा उनीसँग देखादेख गर्न, आँखा जुधाउन पुग्थें, तर उनी मेरो वास्ता गर्दैनथे। सायद उनी मप्रति आकर्षित थिएनन्।

बाबाले उनलाई मलाई दिन पाए हुन्थ्यो भनेको सुनेपछि किन हो कुन्नि उनी मलाई सारै आफन्त लाग्न थालेका थिए र म उनीसँग नजिकिन सारै हतारिएकी थिएँ। मैले उनलाई आफ्नो हुनेवाला लोग्नेका रुपमा कल्पना गर्न लागेकी थिएँ। त्यस समय मेरा सारा चेष्टा उनलाई आकर्षित गर्नमा लागेका हुन्थे। म सधैं नौलानौला लुगा, नौलोनौलो फेसन गनेर स्कुल जान्थें र कुनै न कुनै बहानाले उनीसँग घुम्न गएको, उनको मायामा लट्ठिएर उनको आँखामा आँखा जुधाउने र उनको काखमा टाउको राखेर उनलाई एकोहोरो हेरिरहेको देख्ने गर्दथें।

एक दिन म आफ्नो परिवारका साथ सिनेमा हेर्न गएकी थिएँ। उनी पनि आफ्ना मित्रहरूसँग सिनेमा हेर्न आएका थिए। सिनेमाहलभित्र पस्दा उनलाई एउटा कुनामा बसेको देखेर म सोझैं त्यतैतिर लागें र उनको छेउमै बस्न पुगें। आमा र बाबाले यो कुरालाई लक्ष्य गर्नुभएर र उहाँहरू केही बोल्नुभएन। मैले सिनेमा सुरु हुनुभन्दा पूर्व उनीसँग सिनेमा, त्यसका नायक-नायिकाका बारेमा कुरा गरें। मध्यान्तरमा र त्यसपछि त्यसको कथा र चरित्रहरूबारे कुरा गरें र घुमाई-फिराइकन आफूले उनलाई मन पराएको कुरा पनि गरें। आमाले ती कुरा सुनिरहनुभएको थियो र मेरो उत्ताउलोपनामा रिसाइरहनुभएको पनि थियो। म त्यस दिन सारै प्रसन्न थिएँ। उनको छेउमै बस्न पाएको, सिनेमा प्रारम्भ भएपछि चलमलाउने बहानामा उनको अङ्ग स्पर्श गर्न पाएको र त्यस स्पर्शको मादक काउकुतीले जीउ सिरिंग भएको प्रसन्नताले म सारै प्रसन्न थिएँ।त्यस दिन घरमा आमाले मेरो उत्ताउलोपनाको गुनासो बाबासँग पोख्दा बाबाले भन्नुभयो-"छोरीले पनि त्यही केटालाई मन पराएजस्तो छ। जोडा पनि खुब मिलेको छ। दुई जना नारिए कुरा गर्दा मलाई पनि जोडा सुहाएको झैं लाग्यो। त्यहीं कुरा चलाउनुपर्‍यो कि क्या।"

त्यस दिन मलाई निद्रा नै परेन। म रातभरि उनीसँग बिहे भएको, बिहेपछि एकअर्कासँग छिल्लिएर मस्किएको र उनको शरीर र आफ्नो शरीर एकाकार गरेर अँठ्याइएको कल्पनामा मस्त भएँ। कल्पनामा पनि पुरुष-शरीरको गन्ध र स्वादको विकलताले मलाई धेरै दिनसम्म सताइरह्यो र म उनलाई दृढआलिंगनमा अँठ्याउन छटपाइरहें। एकदिन विद्याले मलाई भनी-"विभा, तिमीलाई थाहा छ, योगले मलाई सारै मन पराउँदो रहेछ। ऊ मलाई सधैं पछ्याउँछ। मेरो घरसम्म छोड्न आउँछ। मेरो दाजुसँग मित्रता गरेर मेरो घरसम्म आउन थालेको छ।"

विद्याको कुरा सुनेर एकछिन म स्तब्ध भएँ। अनि मलाई लाग्यो विद्या ऊतिर आकर्षित हुन लागेकी छ। मलाई यो भान हुनासाथ ईर्ष्याको भुङ्ग्रोमा भुटभुटिएर म एक्कासि चिच्याउन पुगेछु-"के भनेको विद्या तिमीले ? योगतिस त मेरो बिहेको कुरो चल्दै छ।" त्यसै दिनदेखि विद्या र मेरो बीचमा अव्यक्त प्रतिस्पर्धा चल्न थाल्यो। म मनमनै ऊसँग ईर्ष्या र डाह गर्न थालें र म अलि सशक्त रुपमा विद्याको अगाडि आफ्नो मनोभाव व्यक्त गर्न थालें। स्कुलमा अतिरिक्त क्रियाकलाप, वादविवाद, भाषण आदिमा हामी केटीहरू भाग लिंदैनथ्यौं र घर जाने गर्दथ्यौं। त्यसपछि म त्यस्ता कार्यक्रममा भाग लिन थालें र योग कौशिकलाई उनको विजयमा बधाई दिने र उनको प्रशंसा गर्न थालें।

योग कौशिक सारै लजालु केटा थिए। केटीहरूसँग धेरै नलहसिने, उनीहरूसँग नबोल्ने र बोल्नै परे पनि सारै शालीन भएर उनीहरूसँग आँखा जुधाएर बोल्ने प्रयत्न गर्थे, तर असफल हुन्थे। म मानसिक रुपबाट योग कौशिकको श्रीमती बन्ने तयारीमा लागिसकेकी थिएँ। यत्तिकैमा बाबाको सरुवा भयो र हाम्रो बिहेको कुरो टुङ्गो नलाग्दै हामी वीरगञ्ज जानुपर्ने भयो।

योग कौशिकका साथ मेरो मानसिक सम्बन्ध कति घनिष्ठ भइसकेको थियो भने त्यसपछि कुनै युवकप्रति म आकर्षित हुन सकिनँ र योग कोशिकलाई बिर्सन पनि सकिन। वीरगञ्जमा बस्दा मैले थाहा पाएँ योग कौशिक विद्याप्रति आकर्षित छन्। उनले विद्यालाई नायिका बनाएर कथा लेखेका छन्। उनले छापेको पहिलो प्रति पुस्तक विद्यालाई समर्पण गरे। यी सब कुरा थाहा पाउँदा मेरो चित्त काटियो, म सारै व्यथित भएँ। मेरो बिहेको कुरो पनि हरायो। मैले वीरगञ्जबाटै एस.एल.सी. उत्तीर्ण गरें। त्यहीं क्याम्पसमा भर्ना भएँ र पढ्न थालें। विद्याको बाबुको पनि वीरगञ्जमा नै सरुवा भएछ र ऊ पनि त्यहीं कलेजमा भर्ना भई। विद्याबाट मैले थाहा पाएँ, योग कौशिक जेल परेका छन्। उनी अहिले आफ्नो नगरको चर्चित व्यक्तित्व हुँदैछन्। विद्यार्थी नेता र आन्दोलनकारी भएका छन्। उनको व्यक्तित्व विकासमा मलाई सारै खुसी लाग्यो, तर उनको संगिनी हुन नपाएको द्वेषले मलाई सधैं डसिरहन्थ्यो। मैले विद्यासँग उनले लेखेको दुइटै पुस्तकहरू मागेर लिएँ। उनको स्मृतिको चिह्न उनको हस्ताक्षरको निम्ति।

आज छोरी आभाले योग कौशिकको नाम लिंदा यति कुरा सम्झन पुगेकी छु। होइन भने बिहेपछि मैले उनलाई बिर्सिसकेकी थिएँ। बैंसको प्रारम्भमा कुनै न कुनै व्यक्तिप्रति आकर्षण त हुन्छ नै, तर समयको अन्तरालमा त्यो आकर्षण बिर्सिइन्छ। आज योग कौशिक कहाँ छन् ? उनी के गर्दै छन् ? झन्डै २५ वर्ष भयो मैले उनलाई नदेखेको। उनको शारीरिक आकारप्रकार कस्तो छ होला ? अहिले देखेपछि चिनिन्छ-चिनिदैन। उनले मलाई सम्झिएका छन् कि छैनन् ? यी सारा प्रश्नहरू मेरो माथिङ्गलमा घुमिरेका छन्।

अन्तिम पटक उनको र मेरो भेट वीरगञ्जमै भएको थियो। सायद उनी बिहेका लागि केटी हेर्न आएका थिए। त्यस दिन साँझ ५ बजेको थियो। म क्याम्पसबाट फर्किएर घर जाँदै थिएँ। उनी अस्पतालतिरबाट फर्किंदै थिए। मैले उनलाई देख्नासाथ चिनें। उनलाई एक्कासि आफ्ना सामु पाउँदा म एक छिन् अचम्म परें। अनि उनीसँग भेट भएकोमा भित्र कताकता रमाइलो लाग्यो। मनमा काउकुती लाग्यो। समयको अन्तरामा मेरो शरीरमा परिवर्तन आएको थियो। यो मेरो भ्रम थियो कि वास्तविकता, पहिलो पटक मैले उनलाई निर्भिक भएर आँखा जुधाउने गरी आफूतिर हेरेको पाएँ।

"मलाई चिन्नुभो, म विभा ? कहिले आउनुभयो ?"

"किन नचिन्ने ? तिमी यहीं छ्यौ ? बुवा यहीं भन्सारमै हुनुहुन्छ ?"

"अँ, अहिलेसम्म यहीं छौं, जागिरे मान्छे के भर ? कहिले कहाँ जानुपर्ने हो। तपाईं कहिले आउनुभयो ? कहाँ बस्नुभएको छ ? के कामले आउनुभएको ?"

"म आएको तीन दिन भयो, माईथानमा बसेको छु, बिहेबारीको कुरो थियो र आएको।"

हाम्रो कुरो छिट्टै सिद्धिने भो र छिट्टै उनीसँग छुट्टिनुपर्छ भन्ने त्रासले त्रसित भएँ। म केही समय भए पनि उनको साहचर्यको आकाङ्क्षी थिएँ। त्यसैले पनि उनीसँग त्यति घनिष्ठता नभएपनि लाजै पचाएर चिया खान आमन्त्रण गर्दै भनें( "सडकमा उभिएर के कुरा गर्ने ? धेरै दिनमा भेट भयो, झन्डै ३ वर्ष भयो। जाऊँ हिमाञ्चल क्याबिनमा चिया खाँदै गफ गरौंला।"

मेरो आमन्त्रणले चकितझैं भए उनी। एक छिन अकमकाए, अनि भने "हुन्छ जाऊँ।"

"विद्या पनि यहीं छे। मसँगै क्याम्पसमा पढ्छे, तपाईंले विद्यालाई दिएका किताब पढें।""ए !" यति मात्र भने उनले, किन हो उनले विद्याप्रति उति चासो देखाएनन्। उनले विद्याप्रति चासो नदेखाउँदा, मलाई खुसी लाग्यो, तर उनको बिहेबारीको कुरा सुनेर भित्र कताकता असजिलो र नरमाइलो लागिरह्यो।

"तपाईं त विद्यार्थी-नेता भइसक्नुभएछ। आन्दोलन गरेर जेल पनि पर्नुभएछ। किताब लेख्न थाल्नुभएछ। निकै चर्चा सुनिन्छ तपाईंको त आजभोली।"

"हो र ?" यति मात्र बोले उनी। उनको व्यवहारबाट मेरो मन खिन्न भयो। एकोहोरो म मात्रै बोलिरहेको छु र उनी भने ससाना वाक्य टुंगाएर चुप लाग्छन्। मेरो विषयमा एक शब्द पनि बोल्दैनन्। त्यहीं खिन्नतामा म चुपचाप हिंडिरहें। हिमाञ्चल क्याबिनमा पुगेपछि उनी एउटा टेबुलमा बसे र म पनि सँगै बसें। उनले बेयरालाई बोलाएर २ प्लेट समोसा र दुईवटा चियाको अर्डर दिए।

"तिमीलाई त वीरगञ्ज फापेको जस्तो छ नि। यहाँ आएपछि निकै मोटाइछ्यौ। अनुहार पनि भरिलो भएछ। एक छिन त चिन्नै सकिनँ।" उनी एउटा भरिपूर्ण दृष्टिले मलाई नियालेर बोले र मैले उनको आँखामा आफूप्रतिको आकर्षणको हलुको चमक देखें। त्यो देखेर मलाई सारै नै खुसी लाग्यो। कमसेकम उनले मेरो शरीरको भरिलोपनप्रति आकर्षण जनाए। भित्रबाट पलाएको प्रसन्नताको आवेगले मेरो अनुहार रातो भयो। म क्वारक्वारती उनको अनुहारतिर हेर्न थालें। मैले उनको प्रश्नको जवाफ दिइनँ, न उनले नै कुनै प्रतिप्रश्न गरें। हामी दुवै मौन एकअर्कालाई हेरिरह्यौं। जतिजति म उनको अनुहार हेर्दै जान्थें त्यहाँ मैले आफ्नो प्रतिविम्ब पाउँथें। उनको आँखा मेरो आँखामा जुधेझैं लाग्थ्यो। भित्रबाट एउटा उच्छ्वास उम्लिएर आउँथ्यो। मलाई लाग्थ्यो उठेर उनलाई ग्वाम्लाङ्ग अँगालो हालुँ। सार्वजनिक ठाउँमा त्यस्तो गर्नु त भएन, तै पनि मेरो हात अनायास टेबिलमाथि रहेको उनको हातमाथि थपिन पुग्यो। उनको हातको स्पर्शले मन बिस्तारै पग्लँदै गएको अनुभव भयो। बेयराले दुई प्लेट समोसा ल्याएर राख्यो। उनले समोसा लिन आग्रह गरे। मैले प्लेटबाट समोसा उठाएर खान सुरु गरें र पुनः संवा-सूत्रलाई अगाडि बढाउँदै भनें- "अस्ति आउनुभएको संयोगले भेट भयो। कसको बिहेबारीको सिलसिलामा आउनुभएको ?"

"आफ्नै बिहेको सिलसिलामा आएको। यहाँकी केटीसँग बिहेको कुरा चलेको थियो। केटी हेर्न आएको। आफ्नै एक जना परिचित मित्रकी बहिनी रहिछिन्। हिजो कुराकानी छिनियो। अब भोलि फर्कने।"

उनको कुरा सुनेर मेरो मुटु चिरिएर आयो। भित्रबाट अवसादको आवेगले ओठ कमाउन थाल्यो। आँखा भरिएर आयो। खान थालेको समोसा उठाउन सकिनँ। जसलाई मैले आफ्नो पूर्ण तीव्रताका साथ माया गरेकी थिएँ, सपनामा, कल्पनामा आफ्नो लोग्नेकै रुपमा देखेकी थिएँ, जससँग मेरो मोह अझैं टाँसिएको थियो, ऊ अब कुनै अर्कै केटीको हुँदैछ र मेरा सपनाहरू टुट्दै छन्। यो पीडा मेरा लागि असह्य थियो, तर मेरो एकतर्फी मायाको यहीं परिणाम त हुनु नै थियो। उनले विद्यालाई मन पराउँथे, अनि के ?

उनी पनि विद्यालाई एकतर्फी माया गर्थे त ? विद्याको कुराबाट त ऊ पनि उनलाई मन पराउन थालिसकेकी झैं लाग्थ्यो, अनि किन विद्या र उनको सम्बन्ध हुन सकेन ? मेरो आँखाबाट झर्नै आँटेका आँसुलाई मैले रुमालले पुछें। मेरो अन्तरको वेदनाले उनलाई पनि छोएछ क्यारे। उनले बिस्तारै मेरो हात आफ्नो हातले मिच्दै भने-"विभा...तिमी त क्याम्पसमा पढ्छ्यौ। एक्काइस वर्षकी बालिग भइसक्यौ। तिमीमा परिपक्वता पनि आइसकेको हुनुपर्छ। जीवन यस्तै हो। यौवनको पहिलो प्रहरमा एउटा भावुक आकर्षण कसैको कसैनकसैप्रति जागेको हुन्छ। त्यस आकर्षणप्रति भावुक सपनाहरू, कल्पनाहरू खेल्दा रहेछन्, तर त्यो एउटा भावुक आकर्षणबाहेक केही होइन।"

"तर तपाईंसँग मेरो बिहेको कुरा चलेको थियो। त्यो त्यसै सेलाएर गयो। आज अर्कै भाग्यमानी केटीसँग सम्बन्ध जुट्दै छ। जीवनमा किन कसैका सपनाहरू पूरा हुँदैनन् ? चाहनाका मन्दारहरू त्यसै किन ओइलाउँछन् ?" मेरा स्वर त्यसैत्यसै अड्कियो। उनी आश्यर्चमिश्रित नजरले मतिर हेरिरहेका थिए। तिनको नजरमा मप्रति सहानूभूति उम्रिएको थियो। तिनको स्पर्शमा मप्रति अनुराग पलाएको थियो, तर तिनको वाणीमा तटस्थ निर्लिप्तता भरिएको थियो। उनी भनिरहेका थिए-"विभा, जीवन यस्तै हो।

यहाँ देखेका धेरै सपनाहरू सत्य हुँदैनन्, गरेका कल्पनाहरू सजीव हुँदैनन्। चाहेका चाहनाहरू पुरा हुँदैनन्। यहाँ कसको कसैप्रति आकर्षण हुन्छ, उसको अरुप्रति आकर्षण हुन्छ। भाग्यले नै जोडा मिलाउँछ।" उनले एउटा विश्वास लिए। त्यस विश्वासमा विद्याप्रतिको उनको स्नेर र वियोगको ध्वनि भएझैं लाग्यो मलाई।

बेयराले चिया ल्याएर राख्यो। हामी चियासँगै आ-आफ्नो वेदनालाई पिउन थाल्यौं। मलाई योग कौशिककी जीवन-सँगिनी हुन लागेकी केटीको भाग्यप्रति ईर्ष्या र लोभ उत्पन्न भयो। उसको भाग्यले मेरो भाग्यलाई नराम्रोसँग पराजित तुल्याएको थियो। आफ्ना सपनाहरू, कल्पनाहरू भत्केको कष्ट मलाई असह्य हुन थालेको थियो। मेरो मन कमजोर हुँदै गएको थियो। म उनको अगाडि उभिन नसक्ने भइसकेको थिएँ। उनको आकर्षणले उनीसँग छुट्टिन पनि गाह्रो भइरहेको थियो भने विसंगत जीवनको छटपटीले म त्यहाँ बस्न सक्ने स्थितिमा थिइनँ। म चिया सिध्याएर गह्रुँगो आवाजमा भनें-"अब हिंडौं।" उनले चिया र समोसाको बिल आफैं तिरे। मैले तिर्न खोज्दा दिएनन्। क्याबिनबाट बाहिर निस्केपछि माईथान चोकसम्म हामी मौन हिंडिरह्यौं। चोकबाट हामी बिदा हुन खोज्यौं।

आज त्यो कुरा सम्झँदा मन एकतमासको हुन्छ, तर त्यो दिन मैले आफ्नो आवेग रोक्न सकिनँ, आफ्नो भावना थाम्न सकिनँ। लोकलाज कायम राख्न सकिनँ। माईथान चोकको त्यस भीडभाडमा मैले एक्कासी उनलाई छाँद हाल्न पुगें र भित्रबाट आएको रुवाइलाई रोक्न सकिनँ र रुन्चे स्वरमा भनें- "म तपाईंलाई माया गर्छु।...त्यसैले म तपाईंलाई बिर्सन सक्तिनँ।...मैले आफ्नो माया पोख्न सकिनँ।...त्यसैले तपाईंलाई पाउन सकिनँ। तपाईंले मलाई सम्झे पनि नसम्झे पनि म तपाईंलाई सम्झिरहनेछु।" त्यसपछि उनलाई छोडेर हुत्तिँदै म आफ्नो घरतिर दौडिएँ।

त्यस दिनपछि मेरो उनीसँग फेरि भेट भएन। बुवाले टी.सी.एन्.मा काम गर्ने युवक दीनबन्धु अर्यालसँग मेरो बिहे गरिदिनुभयो। दीनबन्धु अर्यालकी धर्मपत्नी भएपछि मैले उनलाई बिर्सिएँ।...त्यो जति बिर्सिए पनि यौवनको पहिलो प्रहरको त्यो आकर्षण मिठो स्मृतिको रुपमा मसँग सुरक्षित छ।

छोरी आभाले जुन संस्कार पाई, प्रेरणा पाई, अप्रत्यक्ष नै भए पनि यो कौशिकको छायाँ त्यसमा परेको छ। मलाई छोरी आभाप्रति एउटा नौलो स्नेह उम्रिएझैं लाग्यो। आभामा योग कोशिकको एउटा गुण त छ, जसलाई म सुमसुम्याउन सक्छु।

आभाले योग कौशिकको सम्झना गराएर मेरो सुकेको घाउ कोट्याइदिई। मेरो मनमा पुनः उनीप्रति आकर्षण जगाइदिई। अहिले योग कौशिक कहाँ होलान् ? के गरिरहेका होलान् ? उनको जीवन, दिनचर्या कस्तो होला...? म त आज सम्पूर्ण भौतिक सुख-सुविधायुक्त नवधनाढ्यहरूको ऐश्वर्यपूर्ण जीवन बिताइरहेकी छु। उनी उही मध्यमवर्गीय जीवनका खटरागमा अल्झिरहेका छन् कि उनले पनि उन्नति गरे ? आजको परिस्थितिमा एक पटक उनलाई भेट्न पाए हुने थियो।...म योग कौशिकका बारेमा धेरै कुरा जान्न, उनीसँग भेट्न छटपटाउन थालें। यो छटपटीको पीडा पनि कति मिठो दंश हुँदोरहेछ। यसमा कष्ट पनि छ, पीडा पनि छ, आह्लाद पनि छ।

('सनत रेग्मीका प्रतिनिधि कथा'बाट)

**बिमालेख हराएको सूचना**

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।०१।२८ गते सुनवल-१ देखि परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** राम कुमार कवर
**ठेगाना :** सुनवल-१, नवलपरासी
**विमा लेख नम्बर :** १५००३४१४२
**मोबाइल नम्बर :** ९८०५६०२६८०

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**योगाभ्यास गर्दैः**
अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनीमा आयोजना गरेको योग कार्यक्रममा योगाभ्यास गर्दै सहभागीहरु। तस्विर : राधेश्याम विश्वकर्मा/ रासस

# दर्लामचौरमा एम्बुलेन्स



गुल्मी । लामो समयपछिको प्रतिक्षापछि इस्मा-३ दर्लामचौरमा भारतीय राजदूतावासको सहयोगमा एम्बुलेन्स सञ्चालनमा आएको छ।

गुल्मी २ का प्रतिनिधिसभा सदस्य एंव एमाले सचिव गोकर्ण विष्टको संयोजनमा सो क्षेत्रको दर्लामचौर स्वास्थ्यचौकीमा एम्बुलेन्स हस्तान्तरण गरिएको हो।

वडाध्यक्ष ज्योतिराज कुँवरका अनुसार केही समयसम्म यहाँका जनताहरु बिरामी हुँदा छिमेकी वडा वा जिल्ला सदमुकाम तम्घासबाट उपचारका लागि लैजानको लागि एम्बुलेन्स मगाउन पर्दथ्यो । तर अबदेखि भने त्यो समस्या हटेको छ। दर्लामचौरमा यही समस्या रहेका कारण स्वास्थ्यचौकीको नाममा भारतीय राजदूतावासको सहयोगमा एम्बुलेन्स भित्राएका छौं।

स्वास्थ्यचौकी प्रमुख हुमलाल खत्रीले गरिब जनतालाई आएको नासो गरिब जनताकै लागि भएको बताए।

इस्मा ३ का सचिव त्रिचन्द्र खत्रीले एम्बुलेन्स आएसँगै दर्लामचौरका सर्वसाधरण एवं स्वास्थ्यचौकीका सम्पूर्ण कर्मचारीहरु खुसी भएको बताए।

दर्लामचौर स्वास्थ्यचौकीकी स्वास्थ्य कर्मचारी गंगा अर्यालले सबैभन्दा समस्या सुत्केरी महिलाहरुलाई भएको थियो, तर अहिले ३० लाख बराबरको स्वास्थ्य सामग्रीसहित एम्बुलेन्स उपलब्ध गराएकोमा सहयोगी संस्था एवं पहलकदमी गर्ने माननीय गोकर्ण विष्टलाई धन्यवाद दिएकी थिइन्।

# हलगोरू पाल्ने किसानलाई आर्थिक सहयोग



स्याङ्जा । स्याङ्जाको फेदीखोला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई प्रोत्साहनका लागि अनुदान दिएको छ। परम्परागत कृषि प्रणालीको संरक्षण र कृषकलाई आर्थिक प्रोत्साहन दिने उद्देश्यले हल गोरु पाल्ने किसानलाई अनुदान दिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताए।

पछिल्लो समय गाउँगाउँमा गोरु पाल्न छाड्ने क्रम बढ्दै गएपछि हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप प्रतिहल रु १० हजार अनुदान दिइएको हो।

फेदीखोला गाउँपालिकाका पाँचवटै वडाबाट हल गोरुको तथ्याङ्क सङ्कलन गरी प्रोत्साहन अनुदान प्रदान गरेको हो। हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत २२४ जना किसानहरु समेटिएका छन्। कुल २९० हल गोरुका लागि रु १४ लाख ४५ हजार अनुदान वितरण गरिएको उनले जनाए। यो कार्यक्रममार्फत् आर्थिक, सामाजिक, पर्यावरणीय र सांस्कृतिक महत्वलाई जोगाइ राख्नका लागि टेवा पुग्ने गाउँपालिकाको अपेक्षा छ।

"हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदानले विशेषगरी आर्थिक, सामाजिक, पर्यावरणीय, सांस्कृतिक रुपमा समेत प्रभाव पार्ने देखिन्छ," उनले भने-"किसानको मनोबल बढाउँदै दिगो, आत्मनिर्भर र सांस्कृतिक रुपमा समृद्ध कृषि प्रणालीतर्फ सकारात्मक सङ्केत दिएको छ।"

किसानको उत्पादन लागत घटेर आम्दानी बढ्ने, सामूहिक श्रम र परम्परागत कृषि अभ्यासको पुनर्जीवनमा टेवा पुग्ने विश्वास उनको रहेको छ।

यान्त्रिक प्रविधिहरुको प्रयोगबाट हुने जोताइको सट्टामा वातावरणमैत्री विधिको प्रोत्साहनमा जोड दिएको हो। "पछिल्लो समय गोरु पाल्ने चलन हराउँदै गएको छ, हाम्रो परम्परा मेटिँदै गएको छ," उनले भने-"एकातिर हाम्रो परम्पराको संरक्षण हुने र अर्कोतर्फ जैविक मल घरमै उत्पादन गर्न सकिने भएकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराएका हौँ।" यो कार्यक्रममा गाउँपालिकाको ७५ प्रतिशत अनुदान र किसानको २५ प्रतिशत लागत साझेदारी रहेको फेदीखोला गाउँपालिका पशुपक्षी विकास उपशाखाका प्रमुख भगवानदेव यादवले बताए।

गाउँपालिकाले हल गोरु पालेका किसानहरुलाई प्रोत्साहन अनुदान दिनेसम्बन्धी सूचना सार्वजनिक गरेपछि वडावडाबाट निवेदन सङ्कलन भएको थियो। सङ्कलन भएका निवेदनहरुउपर जनप्रतिनिधि तथा कर्मचारीहरु घरघरमै पुगेर अनुगमनपश्चात् प्रमाणित भएपछि सम्बन्धित किसानको बैङ्क खातामा रकम जम्मा गरिदिने भएको उनले जानकारी दिए।

"एउटै किसानले पालेको एक हल गोरु अथवा दुईजना किसानको मिलाएर एक हल गोरु बनाइएको रहेछ भने पनि पालिकाले प्रोत्साहनस्वरुप ७५ प्रतिशत अनुदान दिन्छ," उनले भने-"गोरु पाल्ने किसानहरुको सबै तथ्याङ्क सङ्कलन गरी प्रक्रिया पूरा भइसकेको छ।"

# आजदेखि भैरहवामा 'एशियन बुद्ध टी-१० क्रिकेट प्रतियोगिता'




भैरहवा। रुपन्देहीको भैरहवामा आज शनिबारदेखि टी-१० जिल्लास्तरीय क्रिकेट प्रतियोगिता हुने भएको छ। प्रोफेसनल मास्टर्स-११ क्रिकेट क्लब, भैरहवाको आयोजनामा 'एशियन बुद्ध टी-१० क्रिकेट-२०८२' हुन लागेको हो। आयोजकले शुक्रबार भैरहवामा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी दिएका हुन्।

रुपन्देही क्रिकेट संघका अध्यक्ष समेत रहेका क्लबका अध्यक्ष हरिबहादुर थापाले जिल्लाको क्रिकेट खेललाई थप उचाईमा पुऱ्याउने उद्देश्यसहित प्रतियोगिता गर्न लागिएको बताए। 'क्लबले विगतदेखि क्रिकेट प्रतियोगिता गराएर खेलाडी उत्पादनमा टेवा पुर्याइरहेको छ', उनले भने- 'यो प्रतियोगिताले रुपन्देहीको क्रिकेट विकास र खेलाडी उत्पादनमा एउटा इट्टा थप्ने काम गर्ने हाम्रो विश्वास छ।'

प्रतियोगितामा रुपन्देहीका क्लब र एकेडेमीहरु गरी १४ वटा टीम सहभागी हुनेछन्। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा शनिबार, आइतबार र सोमबार गरी तीन दिन प्रतियोगिता सञ्चालन हुनेछ। प्रतियोगिताको विजयी टिमले ८० नगद र उपविजेताले नगद ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष थापाले बताए।

यस्तै, सेमिफाइनल पुग्ने दुईवटा टिमलाई नगद १०-१० हजार प्रदान गरिने अध्यक्ष थापाले बताए। 'टिम र खेलाडीको प्रोत्साहनका लागि यसपटक हामीले सेमिफाइनल पुग्ने दुई टिमलाई पनि पुरस्कार राखेका छौं।'-उनले भने। आयोजकका अनुसार प्रतियोगितामा म्यान अफ द सिरिजलाई नगद १२ हजार, बेस्ट ब्याटर र बलरलाई नगद ८-८ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचलाई १ हजार दुई सय रुपैयाँ प्रदान गरिने छ।

यस्तै, उत्कृष्ट क्याच र सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीलाई समेत समान २ हजार ५ सय तथा दर्शकदिर्घाबाट छक्का क्याच गर्ने दर्शकलाई पाँच सय रुपैयाँ पुरस्कार प्रदान गरिने छ। प्रतियोगिताको मुख्य प्रायोजक रहेको भैरहवाको एशियन बुद्ध होटलका महाप्रबन्धक ओमप्रकाश पाण्डेले होटलको चौथो वार्षिकोत्सवका अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत प्रायोजन गरिएको जनाए।

'होटलले सधैं विभिन्न कार्य गरी सामाजिक उत्तरदायित्व बहन गरिरहेको छ', उनले भने-'मुलुकलाई विश्वमा चिनाइरहेको क्रिकेटलाई प्रवर्धन गर्न पाउँदा थप खुशी भएका छौं।' उनले होटलले यस्ता सामाजिक कार्यलाई निरन्तरता दिँदै जाने प्रतिबद्धता समेत व्यक्त गरे।

प्रतियोगिता आइसीसीको टी-१० फर्म्याटमा सञ्चालन गरिनेछ। यस्तै, एउटा टिमले कम्तिमा रुपन्देही जिल्ला बाहिरका तीनजना खेलाडीलाई समावेश गर्न पाउनेछन्। बाहिरी खेलाडी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जुनसुकै क्षेत्रका भए पनि मान्यता दिइने खेल संयोजक विष्णु कटारियाले जानकारी दिए। प्रतियोगिताको शनिबार बिहान सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले उद्घाटन गर्ने कार्यक्रम तय भएको आयोजकले जनाएका छन्।

# स्थापना दिवसमा सरसफाइ



बुटवल । उद्योग व्यापार संघ बुटवलले सातौं स्थापना दिवसमा बुटवलम सरसफाइ तथा संरक्षण कार्यक्रम गरेको छ। स्थापना दिवसको अवसरमा बुटवल अस्पताललाइनदेखि ट्राफिकचोकसम्म रहेको ६१० फुट डिभाइडरमा सरसफाइ तथा संरक्षण कार्यक्रमअन्तरगत सरसफाइ गर्नुका साथै मल समेत राखिएको हो।

कार्यक्रमको उद्घाटन गर्दै बुटवल ६ का अध्यक्ष लोकनाथ न्यौपानले आफ्नो वडाको अधिकार भित्रबाट प्रदान गर्ने सेवामा आफ्नो टाढाको व्यवहार नगरेको बताउँदै सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। उनले वडाबाट सहकार्य हुने कार्यक्रमको लागि वडाबाट कुनै समस्या नपार्ने दोहोऱ्याए।

कार्यक्रममा उद्योग व्यापार महासंघका केन्द्रीय सदस्य गोबिन्द गैरेले संघले बुटवलमा रहेर आफ्नो क्रियाशिलता देखाइरहेको बताउँदै सामाजिक कार्यहरु गर्दै जानुपर्नेमा पनि जोड दिए।

संघका अध्यक्ष विष्णुप्रसाद पाण्डेयले स्थापना दिवसको अवसरमा सरसफाइ कार्यक्रम आयोजना गरेर संघले लगाएका बिरुवा र डिभाइडरको संरक्षण गरेको उल्लेख गरे। उनले संघले यसपटक पुसमा बुटवलमा मेला लगाउने गरी कामहरु गरिरहेको बताउँदै आवश्यक सहयोग गर्न समेत आग्रह गरे।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी, उद्योग उपाध्यक्ष पदम जिसीलगायतले बोलेका थिए भने कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो।

स्थापना दिवसको पूर्वसन्ध्यामा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको महासचिव यमलाल मरासिनीले जानकारी दिए। लुम्बिनी नर्सिङ होमदेखि ट्राफिकचोकसम्मको डिभाइडर संस्थाले निर्माण गरेको हो भने यस स्थानमा नियमित मलजल तथा सरसफाइ गर्दै आएको उनले जानकारी दिए।

# मनसुन प्रणाली देशभर फैलियो

काठमाडौँ। यस वर्षको मनसुन प्रणाली शुक्रबारदेखि देशभर फैलिएको छ।

मौसम पूर्वानुमान महाशाखाले विशेष मौसम बुलेटिन निकालेर २३ दिनपछि मनसुन देशभर फैलिएको जनाएको हो।

यस वर्षको मनसुन जेठ १५ गते देशको पूर्वी भागबाट प्रवेश गरी कोशी प्रदेशको अधिकांश भूभागमा विस्तार भएकामा जेठ २९ गते मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका केही भागसम्म विस्तार भएको थियो।

मौसमविद् प्रतिमा मानन्धरले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा शुक्रबारदेखि मनसुन फैलिएसँगै अब देशभर मनसुन सक्रिय रहने बताइन्।

"हाल कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रमा मनसुनी वायुको प्रभाव छ। साथै देशका पश्चिम भागमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव छ", उनले भनिन्-"भारतको पश्चिम बङ्गाल आसपासका क्षेत्रमा बनेको न्यूनचापीय क्षेत्रको पनि आंशिक प्रभाव छ।"







# इलाका प्रहरी कार्यालयलाई पुस्तक सहयोग

पाल्पा। कालीगण्डकी फाउण्डेशन नेपालले इलाका प्रहरी कार्यालय रामपुरलाई पुस्तक सहयोग गरेको छ। कार्यालयको हिरासत कक्षमा पुस्तकालय स्थापनाका लागि फाउण्डेशनले पुस्तक उपलब्ध गराएको हो।

विभिन्न विधामा एक सय ५० भन्दा बढी पुस्तक प्रदान गरिएको फाउण्डेशनका अध्यक्ष निलकण्ठ भण्डारीले जानकारी दिए।

"पुस्तकालय स्थापनामा मद्दत पुऱ्याउन पुस्तक उपलब्ध गराएका हौं।"-उनले भने। पुस्तकका माध्यमबाट व्यक्तिलाई सजायभन्दा पनि सकारात्मक मार्गमा हिँड्न प्रेरित गर्ने उनको भनाइ छ।

इलाका प्रहरी कार्यालय रामपुरको हिरासत कक्षमा पुस्तकालय स्थापना गर्न लागिएको प्रहरी निरीक्षक रामबहादुर नेपालीले जानकारी दिए।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com